# लेखा सुपरीबेक्षण समितिको प्रतिबेदन २०७६।७७

शेयरधनी महानुभावहरु,

यस सन बचत तथा ऋण सहकारी संस्था लि. अन्तर्गत गठित लेखा सुपरीबेक्षण समितिले आर्थिक बर्ष २०७५।७६ को प्रथम प्रतिवेदन ११ औं बार्षिक साधारण सभामा प्रस्तुत गरेको व्यहोरा सवैमा विदितै छ । आ.ब. २०७६।७७ मा पनि गत वर्षकै अनुरुप प्रत्येक चौमासिकमा संस्थाको गतिविधि तथा लेखा सुपरीवेक्षण गर्ने सिलसिलामा प्रथम चौमासिकको बैठक बसि समीक्षा गरिएको थियो । त्यस पछिका चौमासिकहरुका समीक्षा समयमा मै हुन सकेन, कारण विश्वमा फैलिएको कोभिड-१९ को महामारीले हाम्रो देश पनि अछुतो रहेन यस्तो प्रतिकुल परिस्थितिमा चौमासिक सुपरीवेक्षण नियमित भएन । आर्थिक बर्ष समाप्त भई सकेपछि मात्र संस्थाको लेखा अभिलेखहरुको आधारमा समीक्षा गरिएको हो ।

सुपरीबेक्षणको सिलसिलामा देखिएका कारोवारहरुको अनुगमन गरी यथोचित सुझाव दिएका थियौं सोही अनुसार यस लेखा सुपरीबेक्षण समितिको प्रतिबेदन निम्नानुसार रहेको छ ।

(१) प्रथम चौमासिकमा दिईएको सुझावलाई व्यवस्थापन तर्फबाट सकेसम्म कार्यन्वयन गर्ने तर्फ दृष्टि पुऱ्याएको देखिन्छ ।
(२) कोरोनाको महामारीले गर्दा संस्थाको कृयाकलाप सुस्त हुनु स्वभाविकै हो । जस्ले गदा वित्तिय कारोवारमा पनि व्यवधान पर्न गै समयमै उठ्नु पर्ने सावा ब्याज असुलीमा कठिनाई उत्पन्न हुन गयो । बन्दा बन्दीको कारणले प्रतिकुल परिस्थिति सिर्जना भै हरेक क्षेत्रमा असर पर्न गएको सवैमा जाहेरै छ ।
(३) प्रतिकुल समयमा पनि संस्थाले म्याद नाघेको खराव कर्जा जस्ता नकरात्मक विषयको सामना गर्नबाट जोगिनु नै संस्थाको राम्रो पक्ष हो ।
(४) साधारण सभाहरु बाट पारित एजेण्डा एवं सुझावहरु पूरा गर्ने तर्फ क्रमिक प्रयास भएको देखिन्छ ।
(५) समयमै बार्षिक लेखा परीक्षण सम्पन्न भै प्रतिवेदन प्राप्त भए अनुसार सो को अवलोकन गरी समर्थन गरिएको छ ।
(६) समग्रमा प्राप्त अभिलेखहरु निरीक्षण गर्दा आर्थिक बर्ष २०७६।७७ मा संस्थाबाट आर्थिक अनियमिता तथा सम्पत्तिको हानी नोक्सानी भएको देखिएन ।

धन्यवाद ।

| | | |
|---|---|---|
| ( देव राज निरौला ) | ( सुरेश प्रसाद चापागाई ) | ( शंकर लाल मलेकू ) |
| सदस्य | सदस्य | संयोजक |

मिति 2066।6।30